नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: ६१

मितिः २०८२/०४/२९

नेपाल संवत् ११४५

विषयः सम्पत्ति विवरण अनलाईन सफ्टवेयरमा प्रविष्टि गर्ने सम्बन्धमा।

श्री गाउँपालिका (सबै)।

श्री नगरपालिका (सबै)।

राष्ट्रिय सतर्कता केन्द्र, सम्पत्ति विवरण तथा अनुगमन शाखाको प.सं. २०८२/०८३, च.नं. स.वि. १, मिति २०८२/०४/२९ को सम्पत्ति विवरण अनलाईन सफ्टवेयरमा प्रविष्टि गर्ने सम्बन्धि पत्र संलग्न छ। सो सम्बन्धमा राष्ट्रिय सतर्कता केन्द्रबाट सञ्चालित सफ्टवेयरमा प्राविधिक समस्या आएकोले श्रावण २५ गते भन्दा अगाडि अनलाइन सम्पत्ति विवरण सम्बन्धी सफ्टवेयरमा प्रविष्ट भएका विवरणहरुको अभिलेख नदेखिएको हुँदा सो मिति भन्दा अगाडि अनलाइन सफ्टवेयरमा सम्पत्ति विवरण प्रविष्ट गरेका सम्पूर्ण स्थानीय तहहरुबाट पुनः सम्पत्ति विवरण प्रविष्टि हुन सूचना सम्प्रेषणका लागि लेखि आएको हुँदा आवश्यक जानकारी तथा कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

..................

(दीपेश कट्टेल)

शाखा अधिकृत

**बोधार्थः**

श्री राष्ट्रिय सतर्कता केन्द्र, सम्पत्ति विवरण तथा अनुगमन शाखा, सिंहदरबार, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

सिंहदरबार, काठमाडौं फोन नं:- ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

नेपाल सरकार
# राष्ट्रिय सतर्कता केन्द्र
(सम्पत्ति विवरण तथा अनुगमन शाखा)

फोन नं. :४२००-५४९, ४२००-४१२
हटलाइन : ४२००-३४५
फ्याक्स : ४२००४००
इमेल : nvcsampati@gmail.com
वेवपेज : www.nvc.gov.np

प.सं. : २०८२/०८३
च.नं. स.वि. १

मिति :- २०८२।०४।२९

विषयः- सम्पत्ति विवरण अनलाईन सफ्टवेयरमा प्रविष्टि गर्ने सम्बन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, केन्द्र।

प्रस्तुत विषयमा भ्रष्टाचार निवारण ऐन, २०५९ मा भएको व्यवस्था बमोजिम सार्वजनिक पदधारण गरेको व्यक्ति तथा राष्ट्रसेवकले तोकिएको समयभित्र सम्पत्ति विवरण पेश गरे/नगरेको सम्वन्धमा यस केन्द्रले विगत ६/७ वर्षदेखि सम्पत्ति विवरण सम्बन्धी सफ्टवेयरवाट समेत अनुगमन गर्दै आइरहेको व्यहोरा अनुरोध छ। यसै सन्दर्भमा यस केन्द्रद्धारा सञ्चालित सफ्टवेयरमा प्राविधिक समस्या आई श्रावण २५ गते भन्दा अगाडि अनलाइन सम्पत्ति विवरण सम्वन्धी सफ्टवेयरमा प्रविष्टि भएका विवरणहरुको अभिलेख नदेखिएको हुँदा श्रावण २५ गते भन्दा अगाडि अनलाइन सफ्टवेयरमा विवरण प्रविष्टि गरेका सम्पूर्ण स्थानीय तहहरुलाई पुनः सम्पत्ति विवरण प्रविष्टि गर्नका लागि तहाँ मार्फत परिपत्र गरिदिनुहुन निर्देशानुसार अनुरोध छ ।

२०८२।०४।२९

..............................
(रुपा वि.क.)
शाखा अधिकृत